# वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

फोन नं.: ०१-४२११५६७, ०१-४२११७०३

## HCFC-22 आयात सिफारिस सम्बन्धी सूचना

**प्रकाशित मिति : २०७९/१०/६**

नेपाल Vienna Convention for Protection of Ozone Layer र Montreal Protocol on Substances that Deplete Ozone Layer को पक्ष राष्ट्र भएको हुँदा ओजोन तहलाई नष्ट गर्ने हाइड्रोक्लोरोफ्लोरोकार्बन (HCFC-22) ग्याँसको आयातमा क्रमिक रूपमा कटौती गरी सन् २०३० सम्ममा यसको आयातलाई शून्यमा पुन्याउने उद्देश्य अनुरूप खण्ड ६४ सङ्ख्या ३० भाग ५ मिति २०७१/९/७ को नेपाल राजपत्रमा सूचना प्रकाशन गरी HCFC-22 ग्याँसको वार्षिक आयात परिमाण निर्धारण गरिएको व्यहोरा जानकारी गराइन्छ । सो बमोजिम सन् २०२३ का लागि ९.२६ मे.ट. HCFC-22 ग्याँस आयात सीमा तोकिएको र उक्त ग्याँस आयातका लागि यस मन्त्रालयको सिफारिस आवश्यक गरिएको हुँदा सन् २०२३ भित्र HCFC-22 ग्याँस आयात गर्न चाहने फर्म/कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस मन्त्रालयमा फर्म/कम्पनी र व्यवसाय दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको छायाँप्रतिहरू नोटरी मार्फत प्रमाणित गराई तोकिएको ढाँचामा आवेदन गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

अघिल्ला वर्षहरूमा HCFC-22 ग्याँस आयात गरिसकेका फर्महरूलाई अधिकतम २ मे.ट. र नयाँ फर्महरूलाई अधिकतम १ मे.ट. आयात सीमा तोकिएको र विगत ३ वर्षभित्र उक्त ग्याँस आयातका लागि यस मन्त्रालयबाट कोटा प्राप्त गरेर पनि ग्याँस आयात नगर्ने फर्म/कम्पनीहरूलाई यस वर्ष सो ग्याँस आयातका लागि कोटा वितरण नगरिने व्यहोरा समेत सूचित गरिन्छ ।

आवेदनको ढाँचा तथा थप जानकारीका लागि यस मन्त्रालयको वेबसाइट www.mofe.gov.np हेर्नुहुन अनुरोध छ ।

| |
|---|
| रु.१० को टिकट निवेदनमा टाँस्नु पर्ने |

(कम्पनी वा फर्मको letter Head तथा छाप)

मिति :

श्रीमान् सचिवज्यू,
वन तथा वातावरण मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

**विषय : <u>HCFC 22 ग्याँस आयात सिफारिस गरिदिने सम्बन्धमा</u> ।**

उपरोक्त सम्बन्धमा वन तथा वातावरण मन्त्रालयको मिति २०७९/........../............गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार मेरो फर्मले १ मे. टन/ २ मे.टन HCFC 22 ग्याँस आयात गर्न इच्छुक भएको हुँदा नोटरी मार्फत प्रमाणित देहाय बमोजिमका कागजपत्रहरु यसै साथ संलग्न राखी आवश्यक सिफारिसका लागि विनम्र अनुरोध गर्दछु । साथै मेरो फर्मलाई कोटा बमोजिम प्राप्त हुने HCFC 22 ग्याँस मन्त्रालयले तोकेको अवधि भित्रनै आयात गरिसक्ने व्यहोरा समेत जानकारी गराउँदछु ।

<u>संलग्न कागजपत्रहरु :</u>

- VAT दर्ता प्रमाणपत्रको छायाँप्रति
- कर चुक्ता प्रमाणपत्रको छायाँप्रति
- फर्म दर्ता प्रमाणपत्रको छायाँप्रति (फर्मको हकमा मात्र)
- कम्पनी दर्ता प्रमाणपत्र र प्रबन्धपत्रको छायाँप्रति (कम्पनीको हकमा मात्र)
- व्यवसाय दर्ता प्रमाण पत्र
- अघिल्लो वर्ष आयात गरेको HCFC 22 ग्याँसको विक्री विवरण (तोकिएको ढाँचामा) (सन् २०२२ मा वा त्यस अघिका वर्षहरुमा HCFC 22 ग्याँस आयात गर्ने आयातकर्ताहरुको हकमा मात्र )

आधिकारिक व्यक्तिको नाम र हस्ताक्षर
पद
सम्पर्क नं:

(कम्पनी वा फर्मको letter Head तथा छाप)

मितिः

<u>सन् २०२२ मा वा त्यस अघिका वर्षहरुमा HCFC 22 ग्यासँ आयात गरेको तथा विक्री वितरण गरेको विवरण</u>

**१ . आयात गरेको विवरण**

| क्र.सं. | आयात गरेको मिति र भन्सार नाका | भन्सार प्रज्ञापन पत्र नं. (भन्सार प्रज्ञापन पत्रको छायाँप्रति संलग्न गर्नुपर्ने) | आयात गरिएको मुलुक | अयात गरिएको परिमाण (के.जी.) | पहिलो वर्षको मौज्दात परिमाण (के.जी.) | कुल परिमाण (के.जी.) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| | | | | | | |

**२. विक्रि वितरण गरेको विवरण**

| क्र.सं. | विक्रि गरेको मिति तथा विल नं. | खरिदकर्ताको नाम, ठेगाना | विक्रि गरिएको परिमाण (के.जी.) | बाँकी मौज्दात (के.जी.) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

आधिकारिक व्यक्तिको नाम, ठेगाना र हस्ताक्षर
पद
सम्पर्क नं: